सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनि प्रदेश

प.सं.: २०७९/८०
च.नं.:

मिति: २०७९/०५।१०

# सूचना। सूचना।।। सूचना।।।

## सुनिल स्मृति गाउँपालिका क्षेत्र भित्र धान खेती गर्ने कृषक वर्गहरुमा अनुरोध:

सुनिल स्मृति गाउँपालिका विभिन्न वडाहरुमा स्थलगत निरिक्षण गर्दा लामो समय देखि परेको खडेरी उच्च तापक्रम र तातो हावाको प्रभावले यस सुनिल स्मृति गाउँपालिकाको धैरै ठाउँहरुमा समेत धान बालीमा पातको टुप्पो सुक्ने, पात पहेँलो हुने, पात डढेको जस्तो देखिने समस्याहरु देखा परिरहेको छ। धान बालीमा हाल देखिएको समस्याको कारण अहिलेको प्रतिकूल मौसम मात्रै नभएर सन्तुलित मात्रा सहित समयमा मलखादको प्रयोग हुन नसक्नु र सुक्ष्म खाद्यतत्वहरुको कमीले भएको प्रारम्भिक अनुसन्धार बाट पाईएको छ।

**हाल देखिएका समस्याहरुको केहि स्तर सम्म समाधान गर्न निम्न उपायहरु अपनाउन सकिन्छ :**

- सिंचाईको स्रोतको व्यवस्था गरी धान खेत सुख्खा हुन बाट जोगाउन नियमित सिंचाई गर्ने।
- जिङ्क, आईरन,मोलिब्डेनम, बोरन ,कपर, म्याग्निज आदि मिश्रित पुर्ण **सुक्ष्म खाद्यतत्व १.५ देखि ३ एम.एल** प्रति लिटर पानीमा मिसाई छर्कने।

## सुक्ष्म खाद्यतत्व छर्दा ध्यान दिनु पर्ने विषयहरु:

- सिफारिस मात्रामा प्रयोग गर्ने।
- दिउँसो तीन बजे पछिको समयमा छर्कने।
- पानी परेको समयमा वा पानी पर्ने एकिन भएमा नछर्ने।
- सुक्ष्म खाद्यतत्व छर्दा खेतमा केहि चिस्यानको मात्रा भएको हुनु पर्दछ।

**थप जानकारीका लागि सुनिल स्मृति गाउँपालिका कृषि शाखामा सम्पर्क ९८५७८२४८२१ गर्नु हुन अनुरोध छ।**

प्रमुख प्रशासकीय अधिकृत